नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२।८३
प्राप्त पत्र संख्या र मिति :-
च.नं :- ९६४

मिति: २०८२।१२।२२
ने.सं.११४६ चौलागा, तृतीया

बिषय : व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धमा।

श्री स्थानीय तह, **सबै** (७५३ वटा)।

प्रस्तुत सम्बन्धमा व्यक्तिको कानूनी पहिचान स्थापित गर्न, नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीको लागि व्यक्तिगत घटनादर्ता महत्वपूर्ण आधारको रुपमा रहेको छ। तथापी, यो विषय नागरिकस्तरमा पुग्न सकेको छैन। अतः व्यक्तिगत घटनादर्ता सम्बन्धी नागरिकस्तरमा जनचेतना अभिवृद्धी गर्ने उद्देश्यले प्रत्येक वर्ष वैशाख महिनाको पहिलो हप्तालाई व्यक्तिगत घटनादर्ता सप्ताहको रुपमा मनाउँदै आएको सन्दर्भमा आगामी वर्ष वि.सं.२०८३ को वैशाख महिनाको पहिलो हप्ता व्यक्तिगत घटनादर्ता सप्ताह मनाउने कार्यक्रम रहेकोले स्थानीयस्तरमा सो सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरी व्यक्तिगत घटनादर्ता सप्ताह मनाउने व्यवस्था गर्नुहुन निर्णयानुसार अनुरोध छ। व्यक्तिगत घटनादर्ता सप्ताहको लागि नमुना कार्यक्रमको खाका देहाय बमोजिम रहेको तथा सोको लागि आवश्यक सन्देशमुलक सूचना सामाग्री यसै पत्रसाथ संलग्न छ।

देहाय:

| क्र.सं. | कार्यक्रम |
|---|---|
| १ | सबै स्थानीय तहले व्यक्तिगत घटनादर्ताको महत्त्वबारे सचेतनामुलक कार्यक्रम गर्ने गराउने (विद्यालय तथा स्थानीय संघसंस्थाहरुले व्यक्तिगत घटनादर्ता सम्बन्धी विविध कार्यक्रमहरु आयोजना गर्ने) |
| २ | सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट व्यक्तिगत घटन दर्ता सम्बन्धी सचेतनामुलक सामाग्री प्रशारण/प्रकाशन गर्ने |
| ३ | स्थानीय तहहरुको वेबसाईटमा व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना मूलक सन्देश राख्ने |
| ४ | सबै वडा कार्यालयहरुले व्यक्तिगत घटनादर्ताको महत्त्व दर्शाउने सूचना सामाग्री कार्यालय परिसरमा राख्ने |

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

औरही नगरपालिका
दर्ता नं ११११
दर्ता मिति २०८२।१२।२६

# जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

**जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।**

## जन्म



**जन्म दर्ता गराउँदा चाहिने कागजातहरु :**

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

## मृत्यु

**मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरु :**

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सुचकको नागरिकता
- मृतक विदेशी भएमा सुचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



## विवाह




**विवाह दर्ता गराउँदा चाहिने कागजातहरु :**

- विवाह दर्ता गर्न पति र पत्नी दुवै सूचक हुनुपर्छ ।
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो,
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज
- कुनै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली नियोगबाट प्रमाणित अधिकृत वारेसनामा

## सम्बन्ध विच्छेद

**सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरु :**

- सुचकको नागरिकता प्रमाणपत्र,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला,
- विदेशीमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानुन अनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कुटनीतिक नियोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणिकरण गरेको सक्कल प्रति ।



## बसाइँ सराइ



**बसाईं सराइ दर्ताका लागि चाहिने कागजातहरु:**

**बसाईं सरेर जादा चाहिने कागजातहरु :**

- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर जाने सुचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्ष भन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाईं सराइ दर्ता गर्नुपर्छ ।

**बसाईं सरेर आउँदा चाहिने कागजातहरु :**

- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर आँउदा घरमुली वा सुचकको नागरिकता

बसाईं सराइ गरेर जाँदा (जुन ठाँउबाट जान लागिएको हो) र आँउदा (बस्न लागिएको नयाँ ठाँउ) दुबै ठाँउमा घटना दर्ता गर्नुपर्छ ।

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

# व्यक्तिगत घटना दर्ता सप्ताह

## २०८३ साल बैशाख १ देखि ७ गतेसम्म

## जन्म दर्ता किन गर्ने ?




*माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न*

---

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

## दृश्य सामाग्रीको लागि संवाद

**दृश्य १ (परिवेशः श्रीमान घरमा काम गर्दै, श्रीमती र छोरी स्कुलबाट फर्केको अवस्था)**

**श्रीमानः** छोरीलाई स्कुल भर्ना गरेर ल्यायौ त?

**श्रीमतीः** कहाँबाट भर्ना गर्नु नि? जन्म दर्ता चाहिने रैछ।

**श्रीमानः** हाम्री छोरी पढ्नै नपाउने त? उसो भए म भोलि आफै जान्छु।

**दृश्य २ (पृष्ठभूमिमा विद्यालयको म्युजिक)**

**श्रीमानः** नमस्कार प्रिन्सिपल सर, के मेरी छोरीले पढ्नै नपाउने हो त?

**प्रिन्सिपलः** किन पढ्न नपाउनु। मैले त छोरीको जन्मदर्ता लिएर आउनुस् पो भनेको त।

**श्रीमानः** हैन सर, पढ्नलाई जन्मदर्ता किन चाहियो र?

**प्रिन्सिपलः** बालबालिकालाई स्कुल भर्ना गर्न, नाबालक परिचयपत्र तथा नागरिकता बनाउन, बैंकमा खाता खोल्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नुका साथै राज्यबाट प्रवाह हुने सम्पूर्ण सुविधा प्राप्तिको लागि जन्मदर्ता अनिवार्य हुन्छ।

**श्रीमानः** ए ... हो र! पहिले कसैले भनेन।

**तेस्रो व्यक्ति (महिला) :** त्यति मात्र हो र दाई, जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु घटेको पैंतीस दिन भित्रै वडा कार्यालयमा गई निःशुल्क रुपमा दर्ता गराईहाल्नु पर्छ।

**ट्यागलाईनः**

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकाले घटना घटेको पैंतीस दिन भित्रै अनिवार्य रुपमा व्यक्तिगत घटना दर्ता गराऔं।

**नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना

वि.सं.२०८३ साल बैशाख १ गते देखि ७ गते सम्म देशै भरी व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य भईरहेको छ। जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईंसराई जस्ता व्यक्तिगत घटनाहरु घटना घटेको पैंतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गरौं, गराऔं।

**व्यक्तिगत घटना दर्ता किन गर्ने?**

- बालबालिकालाई विद्यालय भर्ना गर्न
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नाबालक परिचयपत्रको बनाउन
- बैंकमा खाता खोल्न र
- राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो। व्यक्तिगत घटना घटेको पैंतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेबार नागरिकको परिचय दिऔं।

थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा सम्पर्क गर्नुहोस्।

# व्यक्तिगत घटना दर्ता सप्ताह

## २०८३ साल बैशाख १ देखि ७ गतेसम्म

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

---

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकाले घटना घटेको पैंतीस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकरीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं।

साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरक परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं